# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

गभर्नर डा. युवराज खतिवडासँग Royal Monetary Authority of Bhutan का Governor Mr. Daw Tenzin सहितको प्रतिनिधि मण्डलले आज भेटवार्ता गऱ्यो ।



सो अवसरमा गभर्नर डा. खतिवडा र Royal Monetary Authority of Bhutan (RMA) का Governor बीच आ-आफ्नो देशका केन्द्रीय बैंकको उद्देश्य, कार्य तथा संगठनात्मक स्वरुप लगायतका विषयहरुका बारेमा छलफल तथा विचार विमर्श भयो । गभर्नर डा. खतिवडाले नेपाल राष्ट्र बैंकको पनि मौद्रिक नीति तजुर्मा गरी लागु गर्ने, विदेशी विनिमयको व्यवस्थापनका साथै वित्तीय प्रणालीको स्थायित्व कायम गर्ने जस्ता बहुउद्देश्य रहेको बताउनु हुँदै यसले मौद्रिक व्यवस्थापन गर्नुका साथै सार्वजनिक ऋण व्यवस्थापन गर्ने कार्य पनि गर्ने गरेको जस्ता विषयमा RMA का Governor लाई जानकारी गराउनु भयो । साथै गभर्नर खतिवडाले नेपाल राष्ट्र बैंकको पछिल्लो मौद्रिक नीतिका विषयमा पनि आफ्ना भुटानी समकक्षीलाई जानकारी गराउनु भएको थियो । उहाँले अन्तर्राष्ट्रिय रुपमा अवलम्बन गरिएका कतिपय नवीन प्रविधिहरु जस्तै : ई-बैंकिङ्ग, मोबाइल बैंकिङ्ग, शाखारहित बैंकिङ्ग लगायत सामाजिक बैंकिङ्ग जस्ता विषयहरुमा नेपालको अनुभव समेत राख्नु भएको थियो ।

भेटमा RMA का गभर्नर Daw Tenzin ले पनि आफ्नो देशको केन्द्रीय बैंकको बारेमा जानकारी दिनु हुँदै नेपाल र भुटान असल दुई छिमेकी देशहरु भएकाले दुई केन्द्रीय बैंकहरु मिलेर वित्तीय क्षेत्रमा ठोस योगदान पुग्ने कार्य गर्न सकिने धारणा राख्नु भएको थियो ।

भेटमा यस बैंकका डेपुटी गभर्नरद्वय गोपाल प्रसाद काफ्ले तथा महा प्रसाद अधिकारीका साथै RMA का Deputy Governor को पनि उपस्थिति रहेको थियो ।

मिति २०६९।९।६

गभर्नरको कार्यालय